नेपाल सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

# खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग

बबरमहल, काठमाडौं

# तेश्रो त्रैमासिक तथा नौमासिक प्रगति सम्बन्धि

# प्रेस विज्ञप्ति

आम उपभोक्ताको स्वास्थ्य र सुविधा कायम राख्न विद्यमान खाद्य ऐन तथा नियमावलीको प्रभावकारी कार्यान्वयन गर्दै खाद्य प्रविधिको विकास तथा खाद्यमा आधारित पोषणको सुधारका लागि विभिन्न प्रवर्द्धनात्मक कार्यक्रम संचालन, खाद्य पदार्थको विश्लेषण परिक्षणका लागि विश्वसनीय प्रयोगशाला सेवा प्रदान गर्ने र स्वच्छ व्यापार तथा व्यवसायमा सहजीकरण गर्ने कार्य खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग तथा कार्यालयहरुबाट हुँदै आएको छ ।

खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग तथा मातहतका कार्यालयहरुबाट आर्थिक वर्ष २०७८/७९ को तेश्रो त्रैमासिक एवं नौमासिक अवधिमा सम्पन्न मुख्य मुख्य कार्यहरु र सोबाट हासिल प्रगति यस प्रकार रहेका छन् ।

**१. खाद्य उद्योग तथा बजार निरीक्षण अनुगमन र गुणस्तर नियमन**

- आर्थिक वर्ष २०७८/७९को नौमासिक अवधिमा जम्मा २,६७१ नमूनाहरु सङ्कलन भएकोमा संकलित नमूनाहरु मध्ये खाद्यान्न/दलहनजन्यका ७१९ वटा, तेल तथा घ्युजन्यका ३८५ वटा, फल तथा सागपात जन्य पदार्थका ३१९ वटा, दाना पदार्थका १८८ वटा, मसलाका २६९ वटा, चिया कफिका १२६ वटा, दुध तथा दुग्ध पदार्थका ११७ वटा, प्रशोधित पिउने पानीका १२९ वटा, कन्फेक्सनरिका ६०, गुलियो पदार्थ (मह, चिनी एवं मिश्री) १११, मासु तथा मासुजन्रय २५ वटा, अन्य १९० वटा र नुन ३३ वटा नमुनाहरूको विश्लेषण परिक्षणमा १४१ वटा नमूनाहरुको परिक्षण प्रतिवेदन प्रतिकूल पाईएको थियो। सो मध्ये खाद्यान्न, दलहन तथा सोबाट बनेका खाद्य पदार्थका ३० नमूनाहरु, प्रशोधित पिउने पानीका १७ नमुनाहरु, दुध तथा दुग्ध पदार्थका १० नमूनाहरु, दाना पदार्थका १० लगायतका अन्य खाद्य पदार्थका नमूनाहरू प्रतिकूल रहेका थिए ।
- यस अवधिमा खाद्य ऐन तथा नियम अनुसार न्यूनस्तर तथा दूषित उत्पादन तथा बिक्रीवितरण गरेको कसूरमा जम्मा ६४ थान मुद्दा विभिन्न जिल्ला प्रशासन कार्यालय तथा जिल्ला अदालतमा दायर गरिएको थियो। दायर गरिएका मुद्दाहरु मध्ये दुध तथा दूधजन्य पदार्थमा १३ वटा, खाद्यान्न तथा दलहन पदार्थका १३ वटा, प्रशोधित पिउने पानीको ९ वटा, विभिन्न किसिमका ससमा ५ वटा, चियाको ४ वटा, दाना पदार्थको ९ वटा, मसलाजन्य खाद्य पदार्थका ५ वटा, खाद्य तेलका २ वटा, मिठाईको १ वटा, महको १ वटा, र अन्य खाद्य पदार्थको २ वटा गरी जम्मा ६४ वटा खाद्य तथा दाना पदार्थका रहेका थिए । उक्त ६४ थान मुद्दाहरुमध्ये २६ वटा मुद्दाहरु दुषितका, २० वटा मुद्दाहरु लेबल सम्बन्धिका, १४ वटा मुद्दाहरु न्यून गुणस्तरका र ४ वटा मुद्दाहरु खाद्य एन विपरीतका थिए । खाद्य ऐन, २०२३ बमोजिम दूषित तथा न्यून गुणस्तरका मुद्दाहरु सम्वन्धित जिल्ला अदालतमा र अन्य मुद्दाहरु सम्वन्धित जिल्ला प्रशासन कार्यालयहरुमा दायर हुने व्यवस्था रहेको छ ।
- आर्थिक वर्ष २०७८/७९ को नौमासिक अवधिमा खाद्य /दाना उद्योग, होटल रेष्टुरेण्ट, राजमार्गका होटल अनुगमन तथा उजूरी उपर तत्काल सम्बोधन टोली (Rapid Response Team) मार्फत कारबाही लगायत जम्मा ६,२७० पटक निरीक्षण अनुगमन गरिएको थियो सो मध्ये तेश्रो त्रैमासिक अवधिमा २,१६२ पटक निरिक्षण अनुगमन भएको थियो । यस अवधिमा मह, प्रशोधित पिउने पानी, खुल्ला अप्रशोधित दूध, वेकरी,

घ्यू एवं खाद्य तेलको लगायतका विभिन्न खाद्य पदार्थको गुणस्तर सम्वन्धमा उजूरी गुनासो प्राप्त भएकोमा सोको तत्काल निरीक्षण अनुगमन गरी सम्वोधन एवं कारवाही गरिएको थियो ।

## २. उद्योग अनुज्ञापत्र जारी तथा नवीकरण

- यस तेश्रो त्रैमासिक अवधिमा २६७ उद्योगलाई नयाँ अनुज्ञापत्र जारी, ४४९ उद्योग अनुज्ञापत्र नवीकरण तथा ४६६ नयाँ उद्योग स्थापना गर्न सिफारिश गरिएको छ। साथै नौमसिक अवधिमा ६९७ उद्योगलाई नयाँ अनुज्ञापत्र जारी, १,५२३ उद्योग अनुज्ञापत्र नवीकरण तथा १,६२१ नयाँ उद्योग स्थापना गर्न सिफारिश गरिएको छ।

## ३. खाद्य आयात निर्यात नियमन

- आर्थिक वर्ष २०७८/७९ को तेश्रो त्रैमासिक अवधिमा जम्मा ३,७५० आयात अनुमति जारी समेत गरि नौमसिक अवधिमा १३,०१० आयात अनुमति जारी गरिएको थियो। यसै क्रममा आवश्यक कागजात पूरा नभएका तेल, मह, मसला, कन्फेक्सनरी, केराउएवं आयात रोक्का गरेका सिन्थेटिकपेय पदार्थलगायतका विविध खाद्य पदार्थहरु गरि जम्मा १११ खाद्य पदार्थका कन्साइन्मेन्टहरुको अनुमति अस्विकृत गरिएको थियो। खाद्य पदार्थको आयात अनुमति पत्र जारी गर्ने कार्य नेपाल राष्ट्रिय एकद्वार प्रणाली (Nepal National Single Window) बाट अनलाइन मार्फत सेवा दिने कार्य भैरहेको छ ।
- यस तेश्रो त्रैमासिक अवधिमा १२ वटा विभिन्न नाकामा रहेका खाद्य आयात निर्यात गुणस्तर प्रमाणिकरण कार्यालयहरुमा ११,९५९ वटा नमूनाहरूप्राप्त भई सोको जाँच विश्लेषण गरी नियमन गरिएको थियो। त्यसैगरी नौमसिक अवधिमा ४४,०३७ वटा नमूनाहरूप्राप्त भई सोको जाँच विश्लेषण गरी नियमन गरिएको थियो।

## ४. आहारपूरक खाद्य पदार्थ नियमन

- तेश्रो चौमासिक अवधिमा उत्पादन दर्ता ३१९ वटा र नविकरण २७५ वटा समेत गरि जम्मा ५९४ वटा आहारपूरक खाद्य पदार्थ नियमन गरिएको चैत्र मसान्तसम्ममा ११४५ वटा आहारपूरक खाद्य पदार्थहरुको उत्पादन दर्ता एवं नवीकरण गरिएको थियो । साथै खाद्य निरिक्षकहरुलाई आहारपूरक खाद्य पदार्थ नियमन सम्वन्धि अभिमुखिकरण कार्यक्रम सन्चालन गरिएको थियो ।

## ५. प्रयोगशाला विश्लेषण सेवा

### क. प्रयोगशाला विश्लेषण सेवा

यस तेश्रो त्रैमासिक अवधिमा विभागको राष्ट्रिय खाद्य तथा दाना रिफरेन्स प्रयोगशाला तथा खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालयहरूका प्रयोगशालाहरूबाट खाद्य ऐन नियम कार्यान्वयनका क्रममा सङ्कलित नमुना, खाद्य उद्योग अनुज्ञापत्रका लागि सङ्कलित नमुनाहरु लगायत सेवाग्राहीहरूबाट अनुरोध भई आएका गरी जम्मा ४,२८२ वटा नमूनाहरू तथा आयात निर्यात नियमन अन्तर्गत ११,९५९ वटा नमूनाहरु गरी जम्मा गरी कूल १६,२४१ वटा नमूनाहरु प्रयोगशाला जाँच परिक्षण गरिएको थियो । नौमासिक अवधिमा कूल ५९,१११ वटा नमूनाहरू प्रयोगशाला जाँच परिक्षण गरिएको थियो ।

### ग. आयातित तरकारी तथा फलफूलमा जीवनाशक विषादीको द्रुत परिक्षण (RBPR)

नेपालमा आयात हुने तरकारी र फलफूलमा जीवनाशक विषादीको अवशेषको विश्लेषण परिक्षण कार्य विगतमा केन्द्रिय कृषि प्रयोगशाला अन्तर्गतको Rapid Bioassay of Pesticide Residue (RBPR) परिक्षण इकाईबाट हुने गरेकोमा कृषि तथा पशुपन्छी विकास मन्त्रालयको निर्देशानुसार सो विश्लेषण परिक्षण


कार्य २०७८ कार्तिक १ गतेबाट खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागबाट गर्ने भएकोले विभाग अन्तर्गत ७ वटा कार्यालयहरुबाट हुँदै आएकोमा यस तेश्रो त्रैमासिक अवधिमा ७ वटा नाकाहरुबाट RBPR विधिबाट जम्मा २०,६२८ वटा आयातित फलफूल तथा तरकारीका नमुनाहरुको जीवनाशक विषादीको अवशेषको विश्लेषण परिक्षण कार्य गरिएकोमा ३ वटा नमुना प्रतिकूल देखिएको थियो । कार्तिक १ देखि चैत्र मसान्तसम्ममा जम्मा ४०,७८५ वटा आयातित फलफूल तथा तरकारीका नमुनाहरुको जीवनाशक विषादीको अवशेषको विश्लेषण परिक्षण गरिएकोमा जुनार, केरा, चुकन्दर, चिकु तथा आलु लगायतका फलफूल तरकारीका ३२ वटा नमुना प्रतिकूल देखिएको थियो।

## ६. होटल रेष्टुरेण्ट स्तरीकरण

आ. व. २०७८/७९ को तेश्रो त्रैमासिक अवधिसम्ममा विभाग तथा मातहतका कार्यालयहरुबाट जम्मा ३०५ वटा होटल रेष्टुरेण्ट स्तरीकरण गरिएकोमा २० (६.६%) वटाले अति उत्तम (Green sticker with three stars) पाउन सफल भए भने ७८ (२५.६%) वटाले उत्तम (Green sticker with two stars), १२३ (४०.३%) वटाले सन्तोषजनक (Green sticker with one star) र ५९ (१९.३%) वटाले सामान्य स्तर (Yellow sticker without star) प्राप्त गरेका छन् ।साथै स्तरिकरणमा नपरेका २५ (८.२%) वटा होटल रेष्टुरेण्टहरूलाइ सुधारका लागि सुझाव तथा निर्देशन दिइएको छ ।

अन्त्यमा, खाद्य स्वच्छता तथा गुणस्तर सम्वन्धी विभिन्न समाचार सामाग्री महत्वका साथ प्रकाशन तथा प्रसारण गरी आम उपभोक्ताहरुलाई सुसूचित गर्न पत्रकार मित्रहरुले पुर्याउनु भएको योगदानको उच्च कदर गर्दै आगामी दिनमा पनि आम उपभोक्तावर्गमा जनचेतना जगाउने कार्यमा सहयोग प्राप्त हुने विभागले आशा एवम् विश्वास लिएको छ ।

धन्यवाद।



**मोहन कृष्ण महर्जन**
प्रवक्ता
२०७९।०१।२६